# सुन्दरहरैंचा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

विराटचौक मोरङ, १ नं. प्रदेश नेपाल

# शिलबन्दी बोलपत्र/दरभाउपत्र आह्वानको सुचना

प्रथम पटक प्रकाशन मिति - २०७७/१२/२०

**यस नगरकार्यपालिकाको कार्यालयका लागि आवस्यक तपशिल अनुसारका निर्माण/खरिद कार्य शिलबन्दी बोलपत्र/दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इच्छुक योग्य इजाजत प्राप्त फर्म/कम्पनी वा निर्माण व्यवसायीबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्बक शिलबन्दी बोलपत्र/दरभाउपत्र आह्वान गरिएको छ ।**

१. बोलपत्र/दरभाउपत्र खरिद प्रकृया EGP को माध्यमबाट मात्र गरिएको Website : www.bolpatra.gov.np/egp बाट Bid– Document हरू बोपत्रको हकमा ३० औं दिन र सिलबन्दी दरभाउपत्रको हकमा १५ औं दिन कार्यलय समय भित्रमा Download गर्न सकिनेछ। E–submission का लागी बोलपत्र/दरभाउपत्र खरिद दस्तुर बापत राजश्व खातामा जम्मा गरेको र सम्बन्धित ठेक्कानं. र निर्माण/खरिद कार्यको नाम खुलेको राजश्व दाखिला भौचर Electronic Bid files साथै पेश गर्नु पर्नेछ।

२. e–bidding मार्फत Document खरिद गर्नका लागी रकम जम्मा गर्ने बैकको बिबरण निम्न अनुसार रहेको छ। फ्याक्स ट्रान्सफर आदी मार्फत गरिने खरिद उपर कारबाही गरिने छैन। बैक - कृषि बिकास बैक, बिराटचौक राजश्व खाता नं. -०६०१५०११४७६३०१४६

३. बोलपत्र/दरभाउपत्रदाताको फर्म दर्ताको प्रमाणपत्र, चालु आ.ब २०७७/०७८ का लागि नविकरण गरिएको व्यवसाय इजाजतको (लाईसन्स) प्रमाणपत्र, स्थायी लेखा नम्बर/मुल्य अभिवृद्धि कर दर्ताको प्रमाण पत्र र आ.ब २०७६/०७७ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ।

४. बोलपत्र फारम ३१ औं दिन १२.०० बजे भित्र र दरभापत्र १६ औं दिन १२.०० बजे भित्रमा E–submission गर्न सकिनेछ। E–submitted बोलपत्र/दरभाउपत्रहरू सोही दिन दिनको १.०० बजे यस कार्यालयमा उपस्थित बोलपत्र/दरभाउपत्रदाताहरू वा निजको अधिकार प्राप्त प्रतिनिधीहरू र कार्यलयका प्रतिनिधीहरूको रोहबरमा खोलिनेछ। बोलपत्र/दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र/दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

५. बोलपत्र/दरभाउपत्र कागजात खरिद गरिने अन्तिम दिन वा बोलपत्र/दरभाउपत्र पेश गर्ने/बुझाउने अन्तिम दिन बिदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन बोलपत्र/दरभाउपत्र खरिद गर्न वा बुझाउन सकिनेछ।

६. बोलपत्र/दरभाउपत्र साथ कृषि बिकास बैक बिराटचौक स्थित सुन्दरहरैचा नगरपालिकाको धरौटी खाता नं. ०६०१५०११४७६३००३० मा फर्म/कम्पनीको नामबाट तपशिलमा उल्लेखित बोलपत्र/दरभाउपत्र जमानत वापतको रकम जम्मा गरेको भौचर वा बोलपत्र/दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखी कम्तिमा १२० (एक सय बिस) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त "क" बर्गका बाणिज्य बैंकहरूबाट यस कार्यालयका नाममा जारी गरीएको जमानी पत्र (बिड बण्ड) पेश गर्नु पर्नेछ। सो जमानी पत्र (बिड बण्ड) र भौचरमा मा सम्बन्धित ठेक्का नं. र निर्माण/खरिद कार्यको नाम उल्लेख भएको हुनु पर्नेछ। सम्झौता सम्पन्न भएपछी मात्र बोलपत्र/दरभाउपत्र जमानत बापतको रकम फिर्ता गरिनेछ।

७. एउटा फर्म/कम्पनीको नामबाट खरिद गरिएको बोलपत्र/दरभाउपत्र कागजात अर्को फर्मको नामबाट दाखिला गर्न सकिने छैन।

८. अन्य बिस्तृत बिबरण Bid document को Bid data sheet मा उल्लेख गरिएको छ। सो सम्बन्धमा आबस्यक पर्ने प्रमाणहरू पेश गर्ने जिम्मेवारी बोलपत्र/दरभाउपत्र दाताको हुनेछ।

९. सुचना तथा बोलपत्र/दरभाउपत्र कागजातको शर्त बिपरित भएको वा थपघट गरिएको रित नपुगेको, म्याद नाघि पेश हुन आएको बोलपत्र/दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन।

१०. बोलपत्र/दरभाउपत्रको परिक्षण बोलपत्र/दरभाउपत्र कागजात अनुसार हुनेछ।

११. बोलपत्र/दरभाउपत्रदाताहरूले आफ्नो बोलपत्र/दरभाउपत्र दाखिला/पेश गर्नु अगाबै बोलपत्र/दरभाउपत्रमा उल्लेखित बिबरण अनुसार परियोजनाको स्थलगत निरिक्षण गरि पेश गर्नु पर्नेछ।

१२. E–submission सम्बन्धि जानकारी Annex–1 मा राखिएको छ तथा सार्बजनिक खरिद अनुगमन कार्यालयको Website बाट हेर्न सकिनेछ।

१३. सुचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य बिषयको हकमा सेथानिय सरकार संञ्चालन ऐन २०७४, सार्बजिक खरिद ऐन २०६३ तथा सार्बजनिक खरिद नियमावलि २०६४ र प्रचलित ऐन नियम तथा नगरपालिकाको निर्णय अनुसार हुनेछ।

१४. बोलपत्र/दरभाउपत्र शर्तरहित मुल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराईएका फारममा कुनै थपघट वा द्रस्टब्य नलेखिएको हुनुपर्नेछ।

१५. बोलपत्र/दरभाउपत्रको अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा बिषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनैबेला सच्याउन बाधा पर्नेछैन। कार्यालयको हितलाई ध्यानमा राखी सबै बोलपत्र/दरभाउपत्र, पुरै वा आंशिक रुपमा स्वीकार/स्वीकृत गर्ने वा अस्वीकृत/अस्वीकार गर्ने वा सुचना नै रद्द गर्ने लगायतका सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१६. बोलपत्र/दरभाउपत्र सम्बन्धि थप जानकारीको लागी यस कार्यालयमा सम्पर्क गर्न वा कार्यालयको Website: sundarharaichamun.gov.np मा समेत हेर्न सकिनेछ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान भ्याट बाहेक | धरौटी र कम रु. | दस्तुर रु. मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | SHM/MOR/RBN/NCB/W/26/2077-078 | पाथिभरा दिव्य मार्ग हुँदै बाँसबारी चोक जोड्ने सडक स्तरोन्नती वडा नं. ५ | ३१९९९४१.२४ | १०५०००/- | रु ३०००/- | बोलपत्र |
| २ | SHM/MOR/RBN/NCB/W/27/2077-078 | धाती-भुटाही टोल हुँदै हुलाकी मार्ग ग्राभेल सडक मर्मत कार्य वडा नं. ११ | २८५९७१३.०३ | ९४५००/- | रु ३०००/- | बोलपत्र |
| ३ | SHM/MOR/RBN/SQ/W/28/2077-078 | पचाम स्कुल पश्चिम सडक ग्राभेल मर्मत वडा नं. १ | १५००८९९.२७ | ४९०००/- | रु. १०००/- | दरभाउपत्र |
| ४ | SHM/MOR/RBN/SQ/W/29/2077-078 | पूर्व फिमरा - जागृती मार्ग सडक कालोपत्रे मर्मत | १२९७३५०.५२ | ४२५००/- | रु १०००/- | दरभाउपत्र |
| ५ | SHM/MOR/RBN/SQ/W/30/2077-078 | पुरानी कराइवाना पूर्व दक्षिण सडक ग्राभेल मर्मत वडा नं. २ | १२४२२०६.१६ | ४०५००/- | रु १०००/- | दरभाउपत्र |
| ६ | SHM/MOR/RBN/SQ/W/31/2077-078 | कराइवाना देखि मृगौलिया सडक कालोपत्रे मर्मत | १२३०७०२.६८ | ४०५००/- | रु. १०००/- | दरभाउपत्र |
| ७ | SHM/MOR/RBN/SQ/W/32/2077-078 | शिवालय मार्ग जोड्ने सडक ग्राभेल मर्मत वडा नं. १२ | ५९४३०९.८० | १९५००/- | रु. १०००/- | दरभाउपत्र |

विराटनगरमा मुद्रित। कार्यालय : मेनरोड, तिनपैनी, विराटनगर-२। फोन : ०२१-५१८२४५, ९८४९७८७२७२, ९८५२०२०७००, इमेल: nsdainik@gmail.com, प्रबन्धक: नारायण यादव, वरिष्ठ सम्पादक: शेखर रेग्मी
प्रबन्ध सम्पादक: ब्रह्मदेव यादव, प्रमुख संवाददाता: अनुज सापकोटा, समाचार संयोजक: निर्मल ढुंगाना, सल्लाहकार सम्पादक: देवी पन्थी, सम्पादक: दीपेन नेउपाने,
प्रकाशक/प्रधानसम्पादक: शंकर खरेल